**संघीय संसद**
**राष्ट्रिय सभा**
**दशौं अधिवेशन**
**बैठक -१०**
**सूचनापत्र -२**
**(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)**

**२०७८ असोज ८, शुक्रवार (दोस्रो बैठक)**

---

संघीय संसद, राष्ट्रिय सभाको दशौं अधिवेशनको दशौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा बिहान ११:१५ बजे प्रारम्भ भयो।

कार्यसूचीमा प्रवेश गर्नुपूर्व नै प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू टेबुल ढ्यापढ्याप गर्दै उठ्नु भएपछि सम्माननीय अध्यक्षले प्रमुख प्रतिपक्ष दलका तर्फबाट माननीय **खिम लाल भट्टराई**लाई आफ्ना भनाइ राख्न समय उपलब्ध गराउनुभयो। माननीय **खिम लाल भट्टराई**ले आफ्ना भनाइ राख्नु हुँदै सदन चल्न नसक्ने बताउनुभयो।

सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले राखेका मागका सम्बन्धमा सबैको ध्यानाकर्षण भइसकेको जानकारी गराउनु हुँदै सभा सञ्चालनका लागि आग्रह गर्नु हुँदा समेत प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू नबस्नु भएपछि सम्माननीय अध्यक्षले सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री जनार्दन शर्मालाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"आर्थिक विधेयक, २०७८ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"आर्थिक विधेयक, २०७८ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथि छलफल प्रारम्भ भएको जानकारी गराउनु हुँदै छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा समेत जानकारी गराउनुभयो। सम्माननीय अध्यक्षले छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनु हुँदा कुनै पनि माननीय सदस्यले भाग नलिनु भएपछि उक्त प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"आर्थिक विधेयक, २०७८ माथि विचार गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री जनार्दन शर्मालाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"राष्ट्र ऋण उठाउने विधेयक, २०७८ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"राष्ट्र ऋण उठाउने विधेयक, २०७८ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथि छलफल प्रारम्भ भएको जानकारी गराउनु हुँदै छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा समेत जानकारी गराउनुभयो। सम्माननीय

अध्यक्षले छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनु हुँदा कुनै पनि माननीय सदस्यले भाग नलिनु भएपछि उक्त प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"राष्ट्र ऋण उठाउने विधेयक, २०७८ माथि विचार गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले **"आर्थिक विधेयक, २०७८" र "राष्ट्र ऋण उठाउने विधेयक, २०७८"** माथि सुझाव पेस गर्न चाहनु हुने माननीय सदस्यहरूलाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (४) बमोजिम विधेयक शाखा (राष्ट्रिय सभा) मा सुझाव सहितको सूचना दिन सक्ने बेहोरा जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"आर्थिक विधेयक, २०७८" र "राष्ट्र ऋण उठाउने विधेयक, २०७८"** माथि दफावार छलफलका लागि **मिति २०७८ असोज ११** गतेको दिन र समय निर्धारण गरिएको जानकारी गराउनु हुँदै उक्त छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूलाई दलीय आधारमा बैठक सुरु हुनुभन्दा १ दिन अगावै कार्य व्यवस्था शाखा (राष्ट्रिय सभा) मा नाम उपलब्ध गराउन जानकारी गराउनुभयो

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **मिति २०७८ साल असोज ११ गते सोमवार बिहान ११:०० बजे** बस्ने गरी बिहान ११:२५ बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव